फाल्गुनन्द राजपत्र

# फाल्गुनन्द गाउँपालिका द्धारा प्रकाशित

खण्डः- ८ सख्याः-४ मितिः- २०८२/१२/२४

## भाग – २

## फाल्गुनन्द गाउँपालिका

## कोशी प्रदेश, नेपाल

फाल्गुनन्द गाउँपालिका घ वर्ग निर्माण व्यवसायी ईजाजतपत्र
कार्यविधि,२०७५ (दोत्र      स्रो संसोधन,२०८२)

फाल्गुनन्द गाउँपालिका घ वर्ग निर्माण व्यवसायी ईजाजतपत्र (दोस्रो संसोधन) कार्यविधि, २०८२

स्वीकृत मितिः २०७५/०८/२४
पहिलो संसोधन मितिः२०८१/११/०७
दोस्रो संसोधन मितिः२०८२/१२/२४

फाल्गुनन्द गाउँपालिका घ वर्ग निर्माण व्यवसायी ईजाजतपत्र कार्यविधि, २०७५ लाई संसोधन गर्न बान्छनिय भएकोले, फाल्गुनन्द गाउँपालिकाले यो कार्यविधि जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ:(१) यस कार्यविधिको नाम "फाल्गुनन्द गाउँपालिका घ वर्ग निर्माण व्यवसायी ईजाजतपत्र (दोस्रो संसोधन) कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. फाल्गुनन्द गाउँपालिका "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र कार्यविधी,२०७५ को दफा ११ को उपदफा ५ पछी नामसारी तथा ठाँउसारी सम्बन्धी देहायनुसार थप गर्ने उपदफा ६ र ७ थप गर्ने:

(६) नामसारी सम्बन्धी व्यवस्था: यस कार्यलयबाट प्रदान गरिएको "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र प्राप्त गर्ने संस्थाको सञ्चालकले कानुन बमोजिम रित पुरा गरि अन्य व्यक्ति वा सञ्चालकलाई नामसारी गरिदिन चाहेको खण्डमा नामसारी गर्न चाहेको व्यक्तिको नाममा ईजाजतपत्र नामसारी गर्न सकिनेछ ।

यसरी नामसारी गर्नका लागी ईजाजतपत्र प्राप्त गर्ने फर्को सञ्चालक र नामसारी गराउन चाहने दुवै जनाले कार्यालयमा आवश्यक कागजात सहित निवेदन पेश गर्नु पर्नेछ । नामसारी दर्ता गाउँपालिकाको आर्थिक ऐन बमोजिम शुल्क लाग्नेछ ।

(७) ठाउँसारी सम्बन्धी व्यवस्था: यस कार्यालयबाट प्रदान गरिएको "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र प्राप्त गर्ने सञ्चालकले प्रचलित कानुनको अधिनमा रहेर ठाउँसारी गर्न सक्नेछ । यसरी ईजाजतपत्रको ठाउँसारी गर्दा सम्बन्धित सञ्चालकले कार्यालयमा रितपुर्वक कागजात पेश गरी निवेदन पेश गर्न पर्नेछ ।ठाउँसारी सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ ।

आज्ञाले
देवी तुम्बापो
प्रमुख प्रशासकीय अधिकृत